सहकारीका सवल तथा कमजोर पक्षहरू

- सुदर्शनप्रसाद ढकाल

सहकारीका सवल पक्षहरु

सहकारीको स्थापना तिनका सदस्यहरुले त्यतिखेर गर्दछन् जतिखेर बजारले उनीहरुलाई आवश्यक पर्ने वस्तु तथा सेवाहरु उचित मूल्य, परिमाण र गुणस्तरमा उपलब्ध गराउन सक्दैन। सहकारीले मानिसहरुलाई आफ्नो जीवनस्तरमा सुधार गर्न सशक्त बनाउनुका साथै स्वंय सहयोगको विधि मार्फत आर्थिक अवसरहरु बढाउने काम गर्दछ।

"Co-operatives are formed by their members when the market place fails to provide needed goods and services at affordable prices and acceptable quality. Co-operatives empower people to improve their quality of life and enhance their economic opportunities through self-help." (National Co-operative Business Association, USA, 2005)

संयुक्त राष्ट्र संघकका महासचिव बान कि मुन सहकारीको महत्व दर्शाउदै भन्दछन्, "आर्थिक सम्भाव्यता र सामाजिक उत्तरदायित्व दुबै एकैपटक प्राप्त गर्न सकिन्छ भन्ने कुरा अन्तर्राष्ट्रिय समुदायलाई बुझाउने काम सहकारीले गरेको छ।"

"Co-operatives are a reminder to the international community that it is possible to pursue both economic viability and social responsibility." (UN Secretary-General Ban Ki-Moon)

जर्ज बर्नार्ड सा समुदायको महत्वका वारेमा यसो भन्दछन्, "मेरो विचारमा मेरो जीवन समुदायको सम्पत्ति हो, जबसम्म म बाच्नेछु यही समुदायका लागि केही गर्ने प्रयत्न गरिरहने छु।"

"I am of the opinion that my life belongs to the whole community and, as long as I live, it is my privilege to do for it whatever I can." (George Bernard Shaw)

रस क्रिस्चियनसनले सहकारीको उपयोग र महत्वका वारेमा यसो भन्दछन्, "स्वतन्त्र बजारले सिर्जना गरेको सामाजिक कष्टलाई हटाउन सहकारी अघि सर्दछन्।"

Co-operatives are response to the social misery caused by free markets. (Russ Christianson)

"I know of no other instrument so, potentially powerful and full of social purpose as the co-operative movement. It helps people to help themselves." (Indira Ganddhi)

उक्त अभिव्यक्तिहरुबाट सहकारीको महत्वका बारेमा धेरै गहिरो विश्लेषण गर्न मद्दत पुग्दछ। यहाँ सहकारीका सवल पक्षहरुका वारेमा संक्षेपमा चर्चा गरिनेछ।

* लेखक सहकारी तथा गरिबी निवारण मन्त्रालयका सह-सचिव हुनुहुन्छ। प्रस्तुत लेखमा व्यक्त विचार लेखकका निजी विचार हुन् - सम्पादक।

- **गरिबी निवारणमा योगदान** (Contribution in Poverty Alleviation)**:** सहकारी व्यवसाय प्रबर्द्धनको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको यस विधिको व्यवसायले गरिबी निवारणमा योगदान पुग्दछ । श्रमिक सहकारीको माध्यमबाट सम्बन्धित क्षेत्रको विषयमा सीप हासिल गरेका व्यक्तिहरुको समूहले व्यवसाय संचालन गरेर आफ्नो लागि स्वरोजगारको अवस्था सिर्जना गर्नुका साथै श्रम सम्बन्धमा समेत योगदान पुग्दछ । हाम्रो जस्तो श्रमिक समस्या भएको मुलुकमा यसले विकल्पको सिर्जना समेत गर्न सक्ने देखिन्छ । अहिले विश्वमा प्रति दिन २ डलरभन्दा कम आय हुने मानिसको संख्या ३ अर्ब अर्थात् कूल विश्व जनसंख्याको झण्डै आधा रहेको छ भने प्रति दिन १ डलरभन्दा कम आय भएका विश्व जनसंख्या १ अर्ब रहेको छ । अफ्रिका, एशिया र ल्याटिन अमेरिका १० मध्ये ९ जना गरीबको घर बनेको छ । गरिबीको यस्तो समस्याको समाधानमा आर्थिक उदारीकरण र बजार अर्थव्यवस्थाले सम्बोधन गर्ने आशा अब निराशामा परिणत भएको छ । ग्रामीण किसानहरु तथा शहरी गरीबहरुको दयनीय आर्थिक एवं सामाजिक अवस्था अन्त्यका लागि सहकारी विधिको सामाजिक अर्थव्यवस्था प्रभावकारी भइरहेकोले सयुक्त राष्ट्र संघ र अन्तर्राष्ट्रिय श्रम संगठनले विश्वका सबै राष्ट्रहरुलाई सहकारीको प्रवर्द्धनमा अगुवाई गर्न र दाताहरुलाई यस क्षेत्रमा उचित सहयोग पुऱ्याउन आह्वान समेत गरेको छ । यति मात्रै हैन सहस्राब्दी विकास लक्ष्यहरु हासिल गर्न सहकारीलाई एक सशक्त माध्यमको रुपमा प्रवर्द्धन गर्न संयुक्त राष्ट्र संघले आफ्ना सदस्य राष्ट्रहरुलाई आह्वान समेत गरेको छ ।

- **उत्पादक रोजगारीको सिर्जना** (Creation of Productive Employment): सहकारीको व्यापकताले ग्रामीण किसानहरुलाई आफ्नो उत्पादनको उचित मूल्य प्राप्त हुने साथै सहकारी संस्थाले प्रबन्ध गर्ने जोखिम व्यवस्थापनबाट कृषिमा विद्यमान जोखिम हटेर जाने भएकोले स्वरोजगार तथा प्रत्यक्ष रोजगारीको अवसर र आकर्षण बढेर जान्छ । यसका साथै वेरोजगार तर सीप भएका समूहहरुले सहकारीको माध्यमबाट उद्यमहरुको स्थापना गरी देशभित्रै आफैले स्वरोजगारमूलक व्यवसाय तथा उद्योगहरु संचालन गर्न सक्दछन् । देशको तुलनात्मक लाभका क्षेत्रहरु जस्तै स-साना जलविद्युत, पर्यटन व्यवसाय, कृषिमा आधारित उत्पादन-प्रशोधन-प्याकेजिङ-बजारीकरण, हस्तकलाका वस्तु निर्माण तथा बिक्री आदि क्षेत्रमा उत्पादक रोजगारीको सिर्जनामा सहकारीले अतुलनीय योगदान पुऱ्याउँदछ । अहिले विश्वमा १० करोड मानिसहरुले सहकारी क्षेत्रमा प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । विश्व जनसंख्याको झण्डै आधाजसो जनसंख्याको जीवनमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहकारी क्षेत्रले सहयोग पुऱ्याएको सहजै लेखाजोखा गर्न सकिन्छ । प्रत्यक्ष रोजगारीको क्षेत्रमा उदाहरणका लागि फ्रान्सका २१ हजार सहकारीहरुले ७ लाख जनालाई, क्यानडाको ऋण युनियनहरुले मात्रै १ लाख ६० हजार जनालाई, जर्मनीमा ८१ सय सहकारीहरुले ४ लाख ४० हजार जनालाई, केन्याका सहकारीहरुले २ लाख ५० हजार जनालाई, कोलम्बियाको श्रमिक सहकारीहरुले मात्रै ३ लाख ७९ हजार श्रमिकहरुलाई रोजगारी दिएका तथ्यांक सार्वजनिक भएका छन् । भारतको १ लाख ५० हजार कृषि तथा ऋण सहकारीहरुले १६ करोड किसानहरुलाई स्वरोजगार गराउन सफलता प्राप्त गरेका छन् ।

- **श्रम बजारको सन्तुलन** (Correcting labour market imbalance): श्रमिक सहकारीमा सहकारीको स्वामित्व त्यहाँ काम गर्ने कामदारको हुन्छ तर उत्पादन र सेवाको उपभोग भने ग्राहकले गर्दछन् ।

विश्वमा यस खाले श्रमिक सहकारीको अभ्यास नौलो हैन । सहकारीका सर्वमान्य परिभाषासँग श्रमिक सहकारीको प्रकृति मेल भने खादैन । यसरी श्रमिक आफै संगठित भएर स्थापना गरिने उद्योग व्यवसायमा औद्योगिक श्रम-सम्बन्ध सम्बन्धी समस्याहरु नहुने र श्रमिकका साझा समस्याहरुको समाधान हुने भएकोले श्रम बजारमा माँग र आपूर्ति बीच सन्तुलनको अवस्था स्वतः सिर्जना हुन्छ । समुदायबाट स्थापना गरिएका सदस्य स्वंयले उत्पादन र सेवाको उपभोग गर्ने सहकारीमा समेत श्रमिकहरुको सामाजिक सुरक्षाका पक्षहरुमा विशेष ध्यान दिइएको हुन्छ । यस आधारमा सहकारीको उचित विकासबाट बजारमा श्रम सन्तुलन कायम गर्न सहज हुने वातावरण बन्दछ ।

- **आवश्यकता अनुसारको सेवा** (Matching services to needs): सहकारी समुदायले आफ्नो दैनिक आवश्यकता र आकांक्षाहरु पुरा गर्न स्थापना गरिने भएकोले समुदायले नरुचाएका व्यवसायहरु समाजमा देखा पर्दैनन् भन्ने विश्वास गरिएको हुन्छ । अर्कोतर्फ स्वच्छ र शुद्ध व्यवसायका कारण सामाजिक र स्वास्थ्यका दृष्टिकोणले हानिकारक व्यवहारहरु सहकारी व्यवसायमा संभव नभएकोले पनि सेवाहरुको आवश्यकतासँग तादम्यता कायम भएको हुन्छ ।

- **सामाजिक एकीकरण** (Social Integration): सहकारी समुदायले सामूहिक रुपमा गर्ने व्यवसाय हो । आर्थिक क्रियाकलापमा गरिने यस्तो सहकार्यको संस्कृतिले समाजमा रहेको सामाजिक, आर्थिक र सांस्कृतिक विभेदको अन्त्य गर्दै लैजाने सामर्थ्य राख्दछ । दोश्रो विश्वयुद्ध पछि युरोपको समाजमा रहेको द्वन्द न्यूनीकरण गर्दै समाजलाई जोड्ने काममा सहकारीले पुऱ्याएको योगदान सबैले अनुभूत र अध्ययन गर्ने विषय हो । हाम्रो जस्तो द्वन्द प्रभावित मुलुकहरुमा समेत सहकारीका माध्यमबाट सामाजिक एकीकरणमा योगदान पुगेको प्रशस्त उदाहरणहरु भेटिन्छन् । अहिले समाजमा सदियौंदेखि एक आपसमा मिलेर बसेका नेपाली जनता बीचमा विविध कोणबाट छिन्न भिन्न पार्ने प्रयास भइरहेको छ । सहकारीको पवित्र आदर्शलाई पछ्याएर हामीले सहकारीको संगठन निर्माण गर्न सक्यौ भने समाजमा रहेको लैंगिक, वर्गीय र जातीय विभेद अन्त्य भई आदर्श समाजको निर्माण हुने निश्चित छ ।

- **प्रजातान्त्रिक संस्कृतिको प्रवर्द्धन** (Promotion of Democratic Culture): सहकारी व्यवसायको प्रवर्द्धन र विकासका लागि प्रजातान्त्रिक राजनैतिक व्यवस्था पहिलो शर्त हुन्छ । प्रजातन्त्रलाई स्थिर र उपयोगी बनाउन बहुसंख्यक जनताहरुमा प्रजातन्त्रको अभ्यास गर्ने स्वच्छ आदत आवश्यक हुन्छ । सहकारी संस्थाहरु संचालनमा एक सदस्य एक मतको अभ्यासबाट व्यवस्थापनमा सदस्यहरुले नियन्त्रण गर्ने पद्धतिको विकास गरिएकोले यस अभ्यासबाट सारा नागरिकहरुलाई प्रजातान्त्रिक नागरिकमा परिवर्तन गर्ने दिगो आधार तयार गर्न सहकारी प्रभावकारी हुन्छ । यसको ज्वलन्त उदाहरणका लागि जापानमा दोश्रो विश्वयुद्ध पछि सहकारीको विकास गर्न अमेरिकी जनरल Mac Arther को भूमिकाले प्रष्ट पार्दछ । प्रजातन्त्र विना सहकारी फष्टाउदैन वा दिगो हुदैन भन्ने तथ्य तत्कालीन सोभियत संघका सहकारीकरणको अभ्यास गर्दा उत्पादनमा ह्रास आई करौडौं मानिसहरुको कुपोषणको कारणबाट मृत्यु भएको घटना, चीनको सांस्कृतिक क्रान्तिताका सहकारीमा गरिएको कम्यूनिकीकरणको प्रतिकूल असरबाट ३ हजार सहकारी उद्योगहरु धराशायी भएका घटना र हाम्रो देशको पञ्चायती कालखण्डका सहकारीहरुको दुर्गतिबाट स्पष्ट हुन्छ ।

- **वातावरणको संरक्षण** (Environment Protection): आर्थिक उदारीकरण तथा बजार अर्थव्यवस्थाको एकल प्रबर्द्धनले गर्दा निजी क्षेत्रले अत्यधिक नाफाका लागि सीमित रहेको विश्व साधन श्रोतको अत्यधिक दोहन गर्दा वातावरणीय समस्याहरु सिर्जना भएका छन् । उपभोगवादी संस्कृतिको विकासले आवश्यकताभन्दा धेरै बढी उपभोग गर्दा वातावरणले धान्नै नसक्ने अवस्थाको सिर्जना भएको छ । यस्तो अवस्थाबाट जोगिन अब उत्पादन र उपभोगमा सहकारी औद्योगिक तथा व्यवसायिक विधिको प्रयोगमा अभियानको खाँचो भएको छ । सहकारी उद्योग गैर नाफामूलक चरित्र र सदस्यहरु प्रति उत्तरदायी हुने व्यवस्थापनका कारण वातावरणमैत्री उत्पादनका लागि सहज ढंगले अग्रसर हुने भएकाले अन्य प्रकृतिको लगानीलाई समेत प्रेरक बन्न सक्ने संभावना रहन्छ । हालै कानकूनमा सम्पन्न अन्तर्राष्ट्रिय सहकारी महासंघको सभाले सहकारी सातौं सिद्धान्त समुदाय प्रति चासोसँग विश्वको मौसम परिवर्तनको मुद्दालाई जोडेको छ । यसको आशय सहकारी उद्योग व्यवसायले उपलब्ध साधन स्रोतको उपयोगमा अनिवार्य रुपमा विश्व वातावरण प्रति संबेदनशीलता राख्दछ भन्ने नै हो ।

- **स्वच्छ उत्पादन** (Clean Production): सहकारी माध्यमबाट गरिने उत्पादनमा सजिलैसँग सफा र स्वच्छ उत्पादन प्रवर्द्धन गर्न सकिन्छ । अहिले विशेषगरी नाफाखोरहरुले किसानहरुलाई अत्यधिक विषादीको प्रयोग गर्न उत्साहित गरिदिनाले हामीले उपभोग गर्ने हरेक बस्तुहरु विषाक्त बन्दै गएका छन् । यसबाट स्वस्थ रहने मानिसको नैसर्गिक अधिकार हनन भएको मात्र हैन परिवारले धान्नै नसक्ने औषधोपचार खर्चका कारण आर्थिक विपन्नताको समस्या समेत बढेको छ । स्वंय उत्पादनमा संलग्न किसानहरुको स्वास्थ्यमा विषादीको प्रयोगबाट स्वास्थ्य जोखिम बढाएको छ । त्यस्तै खाद्य भण्डारण तथा प्रशोधन उद्योगहरुमा समेत मानिसको शरीरले सहन गर्न नसक्ने केमिकल्सको प्रयोग तथा अखाद्य बस्तुहरुको मिसावटका कारण मानव स्वास्थ्यमा प्रतिकूल असर परेको सहज अनुमान गर्न सकिन्छ । सहकारी खेती र सहकारी उद्योग मार्फत खाद्यान्न तथा प्रशोधन सहितको खाद्य पदार्थहरुको उत्पादनले स्वास्थ्य प्रतिकूल प्रविधिहरुको प्रयोगलाई न्यून गर्न सक्दछ साथै समुदायमा आधारित सहकारी व्यवसायहरु गैर नाफामूलक हुने भएकाले बजार अर्थव्यवस्था भित्रका व्यवसायीहरु जस्तो नाफाका लागि गम्भिर अपराध गर्दैनन भन्ने उदाहरण प्रशस्त भेटिन्छन् ।

- **व्यापारमा शुद्धता** (Fair Trade): सहकारी संघ संस्थाहरुले गर्ने व्यवसायमा पारदर्शी प्रक्रियाहरुको अवलम्बन गरिने र सदस्यहरुबीच कारोवार गरिने भएकोले गुणस्तर, मूल्य, र परिमाणमा कुनै तलमाथि हुने संभावना रहदैन । हाम्रै देशका सहकारी व्यवसायहरु र अन्य विधिका व्यवसायहरुबीचको तुलनाबाट पनि यो कुरा सिद्ध हुन्छ । राजश्व छली गर्ने, सामानमा मिशाबट गर्ने, तौलमा बदमाशी गर्ने, कालोबजारी गर्ने, मूल्यमा कार्टेलिङ गर्ने, सर्वसाधारणलाई सास्ती दिने कामहरु सहकारी व्यवसायबाट हुनै सक्दैन भन्ने मान्यता राखिएको छ । समग्रमा व्यापारमा शुद्धता सहकारीको अभिष्ट पनि हो भन्ने कुरा ख्याल राखिने भएकोले अन्य व्यवसायको तुलनामा सहकारी मार्फत गरिने व्यवसायहरुले व्यापारमा शुद्धता कायम राख्दछन् ।

- **उद्यमशिलताको विकास** (Entrepreneurship Development): सहकारीको माध्यमबाट बहुसंख्यक नागरिकहरुमा उद्यमशिलताको विकास भई यसले सामाजिक तथा आर्थिक विकासमा योगदान पुग्दछ । खासगरी उद्योग व्यवसाय गर्न आवश्यक पर्ने पूँजी जुटाइदिन ऋणको व्यवस्था, उत्पादनको बजारीकरणका

लागि संघीय संगठन, संगठित परामर्श, सीपमूलक तालिमहरुको व्यवस्था, जोखिम व्यवस्थापन, प्रशोधन सम्बन्धी सुबिधाहरु, प्राविधिक सहयोग आदि कारणले उद्यमशिलताको विकासका लागि ग्रामीण तहसम्मको भरपर्दो व्यवस्था मिलाउन सहकारी संघ संस्थाहरु प्रभावकारी माध्यम भएकोले उद्यमशिलताको विकास भई यसबाट उत्पादनका साथै प्रतिव्यक्ति आय समेत बृद्धि भई सिंगो राष्ट्र समृद्ध बन्ने आधार तयार गर्न सहकारी विधि बढी प्रभावकारी हुन्छ ।

- **उत्पादनमा बृद्धि** (Increase in Production): सहकारीको विस्तार र विकासबाट उत्पादन तथा रोजगारीमा बृद्धि भई समग्र देशको कूल ग्राहस्थ उत्पादनमा बृद्धि हुनुका साथै मानव विकासका अन्य सूचकहरुमा समेत सुधार भई समग्र राष्ट्रिय सुखमा बृद्धि हुने देखिन्छ । युरोपेली मुलुकहरुमा सहकारीको योगदान कूल ग्राहस्थ उत्पादनमा ७ प्रतिशतको हाराहारीमा रहेको पाइन्छ । उत्पादनमा बढी योगदान रहेका मुलुकहरुमा केन्याको सबैभन्दा बढी ४५ प्रतिशत र न्यूजिल्याण्डको २२ प्रतिशत रहेको छ । नेपालमा पनि सहकारी मार्फत उत्पादनको क्षेत्रमा उपलब्धिको गणना गर्न सकिने अवस्थामा पुगिएको भएपनि हालसम्म ग्राहस्थ उत्पादनसँग तुलना गर्नेतर्फ सम्बन्धित निकायहरुको उदासिनताका कारण अनुमानित तथ्यांक मात्र बाहिर आउने गरेको छ ।

- **सामाजिक विकृतिहरुको उन्मूलनको माध्यम** (Means of social evil elimination): सहकारीले गाँउ शहरमा स्वरोजगारको वातावरण सिर्जना गर्दछ । पूर्ण र उत्पादक रोजगारीका लागि आर्थिक विकासका सबै क्षेत्रहरुमा सहकारी उद्योग व्यवसाय ल्याउन आवश्यक हुन्छ । सहकारीको विधिबाट उत्पादन, प्रशोधन तथा बजारीकरण गरी कृषि पेशालाई लागत लाभको दृष्टिले आकर्षक बनाउने, श्रमिक सहकारीका माध्यमबाट आफ्नै माटोमा स्वरोजगारको अवसरहरु सिर्जना गर्ने साथै लगानीका लागि सरल र सहज ऋण सुविधाबाट युवाहरुलाई आफ्नो भविष्य प्रति आश्वस्थ बनाउन सकिने भएकोले कामको संस्कृति निर्माण भई समाजलाई सबै खालका विकृतिहरुबाट मुक्त गराउन सकिने आधार सहकारी हो भन्ने तथ्यको पुष्टि भएको छ ।

- **स्थिर र दिगो आर्थिक विकास** (Stable and sustainable economic growth): अत्यधिक नाफाका लागि उपभोक्ताको स्वाद सिर्जना गर्न व्यक्तिगत व्यवसाय खास गरी बहुराष्ट्रिय कम्पनीहरुले सारा विश्व समुदायलाई अत्यधिक उपभोगमा लालायित गरिरहेका छन् । यसबाट पृथ्वीको धान्न सक्ने क्षमताभन्दा बढी प्राकृतिक साधन श्रोतको दोहोन भएको छ । अत्यधिक लाभका लागि जोखिममा व्यवसाय गर्ने प्रबृति निजी व्यवसायमा हुने भएकोले बरोबर विश्वमा आर्थिक संकटले सताइरहेको वारेमा हामी अनभिज्ञ छैनौ । यसबाट समग्र वातावरणमा प्रतिकूल असर पर्नाले जीवन प्रतिको खतरा बढी रहेको छ । नाफाखोर निजी व्यवसायीहरुले उत्पादन बृद्धि गर्न स्वास्थ्य प्रतिकूल विषालु चिजहरुको प्रयोग र अखाद्य चिजहरु मिसाबट गरी बजारमा ल्याउने बस्तुहरुको उपभोगका कारण मानवको स्वास्थ्यमा समेत गम्भीर असर परिरहेको छ । अर्कोतर्फ सहकारी विधिको व्यवसायमा जोखिम पक्ष ज्यादै न्यून हुने आधारहरु छन् । सहकारीले गर्ने उत्पादन, प्रशोधन र प्याकेजिङमा पारदर्शिता र नैतिकताका गुणहरु हुन्छन् । जानी जानी मानव स्वास्थ्यमा प्रतिकूल असर पुग्ने अखाद्य पदार्थबाट ग्राहकहरुलाई जोगाउन सहकारी पद्धतिका व्यवसायहरुको विकास गरी बजारमा स्वस्थ प्रतिस्पर्धाको अवस्था सिर्जना गर्न सकिन्छ । साधन श्रोतको दिगो उपयोगका लागि पनि सहकारी विधिको उद्योग व्यवसाय उपयोगी छ ।

- **संकटको सामना गर्न सक्ने क्षमता** (Resilience to the crisis): सहकारीको स्वामित्व र उपभोग गर्ने एउटै समूह हुने साथै सहकारी व्यवसायहरु नाफाभन्दा सदस्यहरुको सेवाको लागि स्थापना भएको कारणले जोखिम हुने गरी कारोवार गर्ने गर्दैनन । त्यस्तै सहकारी संचालन गर्ने सर्व स्वीकार्य सिद्धान्त र मूल्यहरुका कारणले पनि सहकारीको व्यवस्थापन बढी पारदर्शी र स्वच्छ हुने भएकोले पनि जोखिममा लगानी नगर्ने वातावरण वनिरहेको हुन्छ । संस्थागत सुदृढीकरणका लागि नाफाबाट छुट्टयाई राखिएको जगेडा कोषहरुले समेत संस्थाको पूँजीको आधार बलियो बनाएको हुन्छ । सन् २००८ को विश्व आर्थिक तथा वित्तीय संकटमा पनि सहकारी क्षेत्रको बृद्धिले यसलाई पुष्टि गरेको छ । खासगरी जर्मनीमा सन् १८६० को दशकको कृषि मन्दीका कारणले ग्रामीण किसानहरुलाई परेको समस्या समाधान गर्न एफ.डब्लु. राइफाइजेनले ग्रामीण क्षेत्रमा पूँजीको न्यूनता पूर्ति गर्न क्रेडिट युनियनको अवधारणालाई व्यवहारमा उतारे । त्यस्तै शहरी क्षेत्रमा सीप भएका वेरोजगार युवाहरुलाई स्वरोजगारको अवस्था सिर्जना गर्न र साना व्यवसाय संचालन गर्ने तथा गर्न चाहने व्यक्तिहरुका लागि लगानीको जोहो गरिदिन शुल्ज डेलिट्जले शहरी क्षेत्रमा क्रेडिट युनियनको स्थापनामा योगदान पुऱ्याउनु पऱ्यो । १९३० को दशकको महान आर्थिक मन्दीको वेला अमेरिकामा सहकारी बैंकको स्थापना हुनु र मन्दीको अवस्थालाई अन्त्य गर्न सरकारले तयार पारेको न्यू डिल अन्तर्गत Federal Credit Union Act पारित हुनुले सहकारी अर्थव्यवस्थाको महत्व स्पष्ट पार्दछ । यसै दशकमा अमेरिकामा कृषि सहकारीहरुको बृद्धि र विकास भयो । हालको प्रख्यात क्षेत्रीय दुग्ध सहकारी Land O'Lakes को स्थापना पनि यसै वेला भएको हो । हालैको वित्तीय संकट र सहकारीको अवस्थाले फेरी पनि सहकारी विधिको व्यवसाय दिगो र समस्यालाई चिर्न सक्ने महत्वपूर्ण विधि हो भन्ने कुरा तथ्यहरुले पुष्टि गर्दछ । आर्थिक उदारीकरणको नाँउमा सहकारीलाई निजीकरण गर्ने वेलायत र अमेरिकाको विगतको सरकारी नीतिको समीक्षा गर्ने पनि वेला भएको छ । त्यतिवेला सहकारी मोडेलबाट कम्पनीमा रुपान्तरण गरिएका वेलायतका Bradford and Bingley र Northern Rock जस्ता कम्पनी दिवालिया घोषणा गरिएको छ भने UK Building Society लाई त्यतिखेर बैंकमा रुपान्तरण गरी कम्पनी बनाइएकोमा अहिले फेरी पुरानै स्वरुप सहकारीमा फर्काउने पहल भइरहेको छ । बेलायतको निजी क्षेत्रमा सञ्चालनमा रहेको तर संकटको सामना गरिरहेको Lloyds Banking Group र RBS जस्ता ठूला बैंकहरु जसमा सरकारको पनि ठूलो लगानी रहेको छ, लाई सहकारीकरण गर्ने प्रयास भइरहेको छ ।

सहकारीका कमजोर पक्षहरु

सहकारीका धेरै राम्रा पक्षहरु भएपनि यसका कमजोर पक्षहरुलाई हामीले केलाउन आवश्यक छ । सहकारीको इतिहास ज्यादै लामो भएर पनि यस क्षेत्रमा आकर्षण कम हुनु र सम्भाव्यता अनुसार यस क्षेत्रको योगदान र प्रयोग न्यून रहनुका केही विशिष्ट कारणहरुका वारेमा यहाँ चर्चा गरिनेछ । सहकारी विधिको व्यवसायहरु विश्वको दिगो विकासका लागि आवश्यक भएता पनि यस क्षेत्रको विकासका लागि उल्लेखित कमजोर पक्षहरुलाई न्यूनीकरण गर्दै सहकारी क्षेत्रलाई अघि बढाउन सकियो भने समृद्ध विश्वको निर्माणको चरण पुरा हुन सक्दछ ।

- **साझा सम्पत्ति वा सित्तैमा हक स्थापित हुने समस्या** (Common property or free rider problem): सहकारीको शेयर बजारमा बिक्री गर्न सकिदैन । संस्थाको स्थापनाकाल देखिनै योगदान पुऱ्याउने

सदस्यले कुनै परिस्थितिबाट सदस्यता त्याग गर्नुपर्ने अवस्थामा जति रकम बराबरको शेयर लिइएको हो सो मात्र फिर्ता लान सक्छ । संस्थाले आर्जन गरेका सम्पत्ति र जगेडा रहेका अन्य कुनै पनि कोषमा छाडेर जाने सदस्यको हक स्थापित हुन सक्दैन । अर्कोतर्फ सदस्यता विस्तारको लागि सिद्धान्ततः ढोका खुल्ला राखिएको हुन्छ । नयाँ प्रवेश गर्ने सदस्यहरु संस्थाको सबै सम्पत्तिमा साझा हकदार भईहाल्ने अवस्था सिर्जना हुन्छ । शेयरको मूल्य समेत स्थिर रहने प्रचलनका कारण नयाँ सदस्यहरुले संस्थाको वास्तविक शेयर मूल्य भुक्तानी समेत गर्नु पर्दैन । त्यसैगरी पुराना सदस्यहरुले संस्थाको न्यून आर्जन वा नोक्सानका कारणले डिभिडेण्ड समेत कम प्राप्त गरिरहेको अवस्थामा नयाँ सदस्यहरु भने यसखालको क्षतिबाट पूर्ण रुपले सुरक्षित रहने र तत्कालै पूर्ण लाभको हिस्सेदार बन्ने अवस्था रहन्छ ।

- **विचारधारामा द्वन्द** (Ideology Conflict): सबैभन्दा सहकारीको प्रवर्द्धनमा राजनैतिक विचारकहरु अन्यौलमा पर्ने आधार भनेको सहकारीको आधारभूत सिद्धान्तहरु नै हुन । सहकारीको जन्मदाता रोवर्ट ओवेन स्वंय कट्टर समाजवादी (Utopian Socialist) हुन । पछि यस सहकारी अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने पनि समाजवादकै पक्षधरहरु बढी रहेको पाइएको छ । यस आधारमा उदार प्रजातन्त्रका पक्षपातिहरु सहकारी प्रति सशंकित हुने गर्दछन् । अर्कोतर्फ सहकारीको आत्माको रुपमा रहेको सहकारी संचालनको प्रमुख आधार प्रजातान्त्रिक नियन्त्रणले साम्यवादीहरुलाई सशंकित बनाएको छ । सहकारीको विकासका लागि प्रजातन्त्रको अभ्यास गर्ने वातावरण सहकारीको पहिलो शर्त हुन्छ । सहकारीको प्रयोग साम्यवादी मुलुकहरुले गरेका भएपनि सहकारीमा राज्यको प्रत्यक्ष हस्तक्षेपका कारण दिगो बन्न सकेन । सन् १९४८ पछि चिनमा ग्वाङ्ग हो इन्टरनेशनल (Guang Ho International) जसले रेवी एली (Rewi Alley) को नेतृत्वमा चिनमा औद्योगिक सहकारीहरुको विकासमा महत्वपूर्ण योगदान पुऱ्यायो, सन् १९६६ मा शुरु गरिएको सांस्कृतिक क्रान्तिको अवधिमा कम्युनको व्यवस्थापनमा गएका सहकारी उद्योगहरु धराशायी बने । अर्कोतर्फ सहकारीकरण गर्ने नाममा सोभियत रुसमा जमिन्दारहरुको जमिन खोसेर कृषकहरुलाई सहकारी खेती गराउन उपलब्ध गराइयो । यो घटनाले खासगरी उत्पादनको क्षेत्रमा गम्भीर असर पुग्यो । उत्पादन स्वात्तै घट्यो । यसबाट कुपोषणको शिकार भई १ करोडभन्दा बढी मानिसहरुको मृत्यु भयो । त्यस्तै राष्ट्रियकरण गरिएका कारखानाहरुमा समेत उद्योग धनीहरुलाई निकाली श्रमिकको स्वामित्वमा सहकारीकरण गरी चलाउन थालियो । यसरी सहकारी प्रतिको विचारधारामा एकरुपता कायम गर्न नसक्दा प्रत्येक राजनीतिक दलहरु सहकारीको विकास, विस्तार र प्रवर्द्धन गर्न हिचकिचाई रहेका हुन्छन् वा राजनैतिक अभिष्ट पुरा गर्ने नाममा सहकारी माथि बढी उदार व्यवहार वा हस्तक्षेप गरी समग्र सहकारीको विकास विपरित काम गर्न पुग्दछन् । नेपालमा पनि हालसम्म सरकारी स्वामित्वमा रहेका साझाका नामबाट सञ्चालित सहकारीहरुमा सरकारी हस्तक्षेप र संरक्षणका कारण संस्थागत विकास हुन सकिरहेको छैन ।

- **व्यस्थापन र सदस्यहरु बीचको निहित स्वार्थको द्वन्द** (Conflict of interest between members and management): सहकारी संस्थाहरुमा सदस्य र व्यवस्थापनबीचको सम्बन्धलाई जीवन्त राख्ने काम चुनौतीपूर्ण कुरो हो । खासगरी व्यवस्थापनका लागि सदस्यहरुले आफूमध्येबाट निश्चित अवधिका लागि संचालक समिति निर्वाचन गरेर पठाएका हुन्छन् । संचालकहरुले सदस्यहरुको समग्र हित नहेरी आफूलाई फाइदा हुने गरी संस्थाको सम्पत्ति वा धनको दुराशयपूर्ण ढंगले उपयोग गर्ने संभावना रही रहन्छ । सहकारीका व्यवस्थापकले गराएका दुर्घटनाले पनि यसको पुष्टि गर्दछ । सदस्यहरुद्वारा विकेन्द्रित

शक्तिको प्रयोगलाई व्यवस्थित बनाउन राज्यले नियमनका लागि कानूनी विधि र सरकारी संरचनाहरुको निर्माण गरेको हुन्छ । तर पनि सहकारीमा आम सदस्यहरुको हित विपरीत काम गरिरहने सञ्चालक तथा व्यवस्थापनको प्रबृति विश्वभर नै देखिने समान समस्या हो ।

- **सदस्यहरुको उदाशिनता** (Members' Passiveness): सहकारीका सदस्यहरुमा सहकारीसम्बन्धी ज्ञान न्यून हुने गरेको साथै सहकारीको व्यवस्थापनमा निगरानी राख्ने झण्झट गर्न नरुचाउने प्रवृतिका कारण व्यवस्थापनलाई स्वच्छन्दता मिल्ने गर्दछ । यस परिस्थितिका कारण सहकारीका साधन श्रोतको दुरुपयोगमा व्यवस्थापकहरु आकर्षित हुने प्रवल सम्भावना रहन्छ । साधारण सभाबाट संचालकहरुको कामलाई निगरानी राख्न र आवश्यक देखिएमा विशेष सभा बोलाउन लगाउने सम्मको अधिकार दिई लेखा समितिको निर्वाचन गरिएको हुन्छ । तर व्यवहारमा सहकारीका लेखा समितिको सक्रियता तथा समितिका पदाधिकारीहरुमा अनुगमन क्षमताको न्यूनताका कारणले यो नियन्त्रण विधि प्रभावकारी बन्न सकिरहेको छैन । अर्को समस्या भनेको लेखा समितिका पदाधिकारीहरुलाई प्रायजसो विभिन्न सुविधाहरु दिएर संचालकहरुले आफ्नो पक्षमा पारेको अवस्था पनि देखिएको छ । त्यसैले लेखा समितिको सक्रियता र प्रभावकारिताको लागि भरपर्दो व्यवस्थाहरुको खाँचो सहकारीमा आवश्यक हुन्छ । आन्तरिक नियन्त्रण पद्धति र अन्तिम लेखापरीक्षण तथा समय समयमा गरिने बाह्य अनुगमनलाई प्रभावकारी बनाउनु पर्ने आवश्यकता यसै कारणहरुबाट सिर्जना भएको हो भन्ने कुरा बुझ्न जरुरी छ । यसका लागि सहकारी संघ संस्थासम्बन्धी कानूनी व्यवस्थाहरु, अनुगमन गर्ने र नियमन गर्ने संरचनाहरु साथै कानूनी उपचारका लागि अर्धन्यायिक निकायहरुको व्यवस्था अपरिहार्य मानिएको छ । सिद्धान्ततः सहकारीका संघ/संस्थाहरु स्वनियमनमा स्वतन्त्र रुपले संचालन हुने परिकल्पना गरिएको हुन्छ तर व्यवहारमा सदस्यहरुको उदासिन व्यवहारका कारणले बाह्य अनुगमन उपकरणको प्रयोगलाई स्थान दिनै पर्ने हुन्छ । सहकारीका सदस्यहरुलाई निरन्तर सहकारी शिक्षा र सूचना दिने कामलाई भरपर्दो बनाइयो भने यस किसिमको समस्याहरु न्यून गर्न भने सकिन्छ ।

- **निजी र सहकारी बीचको द्वन्द** (Conflict between Private and Co-operative): सहकारी क्षेत्रलाई राज्यले विशेष महत्व दिएको कारणले निजी व्यवसायीहरुको व्यवहार सहकारी प्रति सकारात्मक बन्दैन । सहकारीको स्थापनाबाट प्रतिस्पर्धा बढ्न गई निजी क्षेत्रको नाफामा पनि प्रतिकूल असर पर्दछ । भारतको विश्व प्रसिद्ध अमुल सहकारीको स्थापनाको इतिहास निजी क्षेत्रको डेरी उद्योगले गरेको किसानहरुको शोषणसँग जोडिएको छ । अमुलको स्थापना र विकाससँगै त्यस ठाँउमा रहेका पोल्सन डेरी पलायन भएको घटनाबाट सहकारी र अन्य व्यवसायीबीचको भिन्नता प्रष्ट हुन्छ । त्यस्तै भारतको सहकारी चिनी मिलले उखु किसानहरुलाई निजी क्षेत्रको उद्योगहरुबाट भएको शोषणबाट मुक्त राखेको छ । निजी व्यवसायबाट हुने अत्यधिक नाफाखोरीको विरुद्ध सहकारी व्यवसाय आउने भएकोले निजी र सहकारी वीचको अन्तरद्वन्दले विश्वका हरेक देशहरुमा नीति निर्माताहरुलाई सताइरहेको हुन्छ । हाम्रै देशमा पनि व्यापारीहरुको सहकारी प्रति लक्षित विरोध नौलो विषय नभई इतिहासकै पुनरावृति पनि हो । यति हुँदा हुदै पनि सहकारी र निजी व्यवसायी दुबै बजारका पात्रहरु हुन । सरकारले उपयुक्त नीति र व्यवहार अँगीकार गर्न सक्यो भने समग्र आर्थिक विकासबाट दुबै पक्ष लाभान्वित बन्न सक्नेछन् ।

- **सहकारीको परनिर्भर स्वभाव** (Dependency Syndrome): सहकारीको स्थापनामा मध्यम तथा न्यून आय भएका पिछडिएका समुदाय र किसानहरुको सहभागिता रहने भएकोले त्यस्ता व्यक्तिहरुसँग पूँजी र प्रविधिको अभाव रहन्छ । संस्था संचालन गर्ने व्यवसायिक ज्ञान र सीपको समेत अभाव हुन्छ । यस्तो अवस्थामा सामाजिक अर्थव्यवस्थालाई अघि बढाउन राज्य र अन्य सहयोगी संस्थाहरुको सहयोग विना सहकारी उद्योग व्यवसायहरुको विकास र बृद्धि सम्भव हुदैन । यसका साथै समुदायका व्यक्तिहरुलाई राजनैतिक रुपमा आफूतिर आकर्षित गर्न समेत सरकारमा रहने राजनैतिक दलले सहकारीलाई सहयोग पुऱ्याउने नीति अँगीकार गर्दछन् । सरकारमा नरहेका राजनैतिक दलहरुले समेत प्रतिपक्षको भूमिकामा सहकारीलाई नै सहयोगको कार्यक्रम माँग गर्ने संभावना रहेको हुन्छ । त्यसै गरी सामाजिक तथा आर्थिक विकासका लागि सक्रिय सहयोगी संस्थाहरुले समेत सहकारीहरुलाई माध्यम बनाई सहयोगका कार्यक्रमहरु संचालन गर्नु स्वभाविक हुन्छ । यसबाट सहकारी संघ संस्थाहरुको स्वयं सहयोगी मूल्यमाथि आघात पुग्ने संभावना रहन्छ । सहयोगलाई व्यवस्थित गर्न सकिएन भने सहकारीको स्वायत्तता र स्वतन्त्रता समेत खतरामा पर्दछ । सहकारीको यो परनिर्भर स्वभावका कारण सहकारीको अस्तित्वमा शंका रही रहने देखिन्छ । त्यसैले सिद्धान्त अनुसार सहकारीको विकासलाई सहज बनाउन सहयोगको उपयोगका लागि सहकारी अभियानले आफ्नो आचार संहिता बनाई त्यसको अनुसरण गर्ने प्रबन्ध मिलाउनु पर्दछ । सहकारी आन्दोलनलाई जोगाएर अघि बढ्ने प्रमुख दायित्व सहकारीका संघ संस्थाहरुकै हुनु पर्दछ । यसमा सरकारका सम्बद्ध निकायहरु संवेदनशिल बन्नु पर्दछ । खासगरी सहकारी क्षेत्रलाई राज्यले पुऱ्याउने सहयोगलाई तदर्थवादमा आधारित नबनाई योजनाबद्ध ढंगले अगाडि बनाउनुनै सहकारी विकासको लागि हितकर माध्यम हो । सहकारीलाई कसरी र कुन क्षेत्रमा सहयोग गर्ने हो सोका वारेमा सहकारीसम्बन्धी राष्ट्रिय नीति बनाई सोका आधारमा सहयोग र सहजिकरणका कामहरु कार्यान्वयनमा लैजानु उचित हुन्छ ।

- **राजनीतिक हस्तक्षेप** (Political Interferance): सहकारीको विकासमा राज्यको भूमिकाको महत्वपूर्ण स्थान रहन्छ । सहकारीहरुलाई अन्तर्राष्ट्रिय रुपमा स्वीकार गरिएका सहकारीका सर्वमान्य सिद्धान्त बमोजिम संचालन गर्न गराउन राज्यका तर्फबाट उपयुक्त नीति, ऐन नियम, कार्यक्रम, संरचनाहरु निर्माण गरिएन भने सहकारीको बृद्धि र विकास संभव हुदैन । सहकारीलाई व्यवस्थित गर्दै विस्तार गर्ने काममा सरकारले सहजकर्ता र नियमनको भूमिका निर्वाह गर्नु पर्ने हुन्छ । यसका लागि सहकारीको दर्शनलाई सहयोग पुग्ने राजनैतिक व्यवस्था पहिलो शर्त पनि हो । साम्यवादी देशहरुमा राज्यद्वारा निर्देशित सहकारीको माध्यमबाट उत्पादन र सेवा प्रवाहमा उल्लेख्य उपलब्धि हासिल भएको कुरा सारमा देखिएको भए पनि अन्त्यमा सात सिद्धान्तको उपयोगको अभावका कारण संस्थाहरु लोप भएका घटना हाम्रै लागि पनि नौलो रहेन । त्यस्तै सहकारीका संघ संस्था निर्माण तथा संचालनमा राजनैतिक आधारमा भागबण्डा गर्ने प्रचलनले सहकारीको व्यवसायिक पक्ष कमजोर बन्न पुग्दछ । समुदाय भित्र रहेका विभिन्न वर्ग, जाति, धर्म, विचार, संस्कृति, लिंग, पेशा, राजनैतिक आस्था आदिमा भएको विभेदलाई पन्छाएर साझा संस्थाको रुपमा सहकारीलाई अघि बढाउनुको विकल्प छैन । तर यस विपरित चाहेर वा नचाहदा समेत सहकारीलाई राजनैतिक रंग दिने काम भइरहेको हुन्छ । यसले गर्दा सहकारीमा सहकार्यको भावनामा चोट पुग्दछ र अन्तत्वगत्वा सहकारीको अस्तित्वमा आघात पुग्दछ ।